# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



## यसभित्र


- वन्यजन्तुको उद्धार
- पाटे बाघ नियन्त्रण
- घडियाल गोही नदीमा छाडिएको
- विशेष सुरक्षा
- सिमसार दिवस २०१४ सम्पन्न
- हात्तीहरुलाई Chain free गराउने कार्यको शुरुवात
- बैठक/ निकुञ्ज भ्रमण
- मुद्दा/पर्यटक/राजश्व/वेरुजुको विवरण
- वन्यजन्तुको मृत्यु/मानवीय क्षतीको विवरण
- कार्यक्रमको प्रगति विवरणहरु
- म.क्षे.व्य.स.को बजेट र कार्यक्रम
- राहत वितरण/ BCF को अवस्था
- संरक्षण शिक्षा सम्बन्धी कार्यक्रम
- तालिम/गोष्ठी/विविध



दोस्रो चौमासिक बुलेटिन ०७०।०७१
वर्ष ३, अंक २, मङ्सिर-फाल्गुण, २०७०


## पृष्ठभूमि

दुर्लभ वन्यजन्तु, वनस्पति, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको लागि वि.सं.२०३० सालमा स्थापना गरिएको चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो निकुञ्ज हो । ९३२ वर्ग.कि.मि.क्षेत्रफल रहेको यो निकुञ्ज ७४.०४% चितवन, १५.४५% पर्सा, ६.९७% मकवानपुर र ३.५४% नवलपरासी गरी ४ जिल्लामा फैलिएको छ । यस निकुञ्जलाई सन् १९८४ मा यूनेस्कोले विश्व सम्पदा सुचीमा समावेश गरेको छ भने मध्यवर्ती क्षेत्रमा पर्ने बीसहजार र वरिपरिका ताल सन् २००३ मा अन्तर्राष्ट्रिय महत्वको सिमसारमा समावेश भएको छ ।

निकुञ्जको वरिपरि रहेका ३४ वटा गा.वि.स. तथा २ वटा नगरपालिकाहरुको आंशिक तथा पूरै वडाहरु समावेश गरी ७५० वर्ग कि.मि.क्षेत्रफललाई मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गरिएको छ । मध्यवर्ती क्षेत्रमा सञ्चालन गरिने संरक्षण, सामुदायिक विकास, संरक्षण शिक्षा, आयआर्जन र मानव वन्यजन्तु द्वन्द न्यूनीनकरण लगायतका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निकुञ्जले आम्दानी गरेको राजश्वको ३०-५० प्रतिशत सम्म रकम खर्च गर्ने प्रावधान रहेको छ ।

## १. संरक्षण गतिविधि

- कार्यालय र अर्न्तगत रहेका सेक्टर, प्रवेशद्वार र पोष्टहरु तथा नेपाली सेनाको नन्दाबक्स गण, कसरा र रणदल गुल्म, अमलटारी अर्न्तगतका गुल्म र पोष्ट तथा क्याम्पिङ्ग अपरेशनहरुबाट (निजामति कर्मचारीमात्र रहेको १५ वटा, नेपाली सेनामात्र रहेको १८ वटा र संयुक्त १८ वटा तथा क्याम्पिङ्ग ३ वटा ) नियमित रुपमा दिवा तथा रात्री गस्ती भै रहेको छ ।
- वन्यजन्तुको चोरी शिकारीलाई नियन्त्रण एवं निरुत्साहित गर्न नेपाली सेना र निकुञ्ज कर्मचारीहरुबाट हात्ती समेत परिचालन गरी संयुक्त रुपमा निकुञ्जको विभिन्न क्षेत्रमा क्याम्पिङ्ग तथा स्विपिङ्ग अपरेशनहरु सञ्चालन गरिदै आएको छ ।
- चोरी शिकारको दृष्टिकोणबाट संवेदनशिल मानिने हिंउदको समयमा नेपाली सेनाको विशेष सुरक्षा फौज युद्ध भैरव गण, अजयदल गुल्म र निकुञ्ज/आरक्षमा तैनाथ गण/गुल्मका १०० जना बाट १५ वटा सम्मको आप्रेशन

हन्ट टोली अजयदल गुल्मको नेतृत्वमा परिचालन गरिएको छ ।

- वन्यजन्तुको चोरी शिकार तथा अवैध गतिविधिको दृष्टिकोणले संवेदनशिल मानिएका क्षेत्रहरुमा पूर्वाधार विना नै नेपाली सेना परिचालन गरी क्याम्पिङ्ग र गस्ती कार्य प्रभावकारी बनाइएको छ ।
- माघ महिनाको अन्तिम हप्ता देखि फाल्गुन महिनाको पहिलो हप्ता सम्म १२३ स्थानमा नेपाली सेनाको अपरेशन टोली परिचालन गरिएको छ ।
- वन्यजन्तुको चोरी शिकार तथा त्यसको अंगको अवैध व्यापारलाई नियन्त्रण गर्न परिचालन गरिएको सुराकी संयन्त्र र सञ्जाललाई प्रभावकारी बनाई सुराकीले दिएको सूचनाको आधारमा गैंडा मारी खाग विक्री व्यवसाय गर्ने लगायतका अवैध क्रियाकलाप गर्ने (वन्यजन्तु, काठ चोरी निकासी, माछा मार्ने आदी) व्यक्तिहरुलाई पक्राउ गरी कानुनी कारवाही गर्ने कार्य भै रहेको छ ।
- मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वनका हेरालु र वन्यजन्तु संरक्षणमा परिचालन भएका समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियानका युवाहरुलाई संरक्षण कार्यमा सक्रिय बनाईएको छ । समय समयमा निकुञ्जको कर्मचारी, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका पदाधिकारीहरु, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह र युवा जागरण अभियानका पदाधिकारीहरुलाई अवलोकन भ्रमण, गोष्ठी, छलफल जस्ता कार्यमा संलग्न गराई जनचेतना अभिवृद्धिको कार्य गरिएको छ ।
- यस चौमासिक अवधिमा चोरी शिकारीहरुबाट गैंडा, बाघ लगायतका दुर्लभ वन्यजन्तुको चोरी शिकार शुन्य रहेको छ ।

## २. वन्यजन्तु व्यवस्थापन

**क.बाघ :** यस निकुञ्जको मध्यवर्ती क्षेत्र स्थित मेघौलीको सदावहार मध्यवर्ती सामुदायिक वनबाट मानिस खान पल्केको भाले बाघलाई मिति २०६८।१।१३ गते समातेर कसरा स्थित काठको इन्क्लोजरमा राखी दैनिक रांगाको मासु खुवाएर पालनपोषण गरी व्यवस्थापन गरिएको छ । त्यसै गरी बघौडा र गर्दी गा.वि.स.को विभिन्न स्थानमा निस्केर घरपालुवा जनावरहरुलाई क्षति पुर्याउदै आएको पाटे बाघलाई मिति २०७०।८।१६ गते सोही स्थानमा इन्क्लोजरमा राखी पालनपोषण हुँदै आएको छ ।

**ख. गैंडा:** निकुञ्जको मध्यवर्ती क्षेत्र मा पर्ने बर्दाहा म.सा.व. मेघौली संग जोडिएको निजि जग्गामा करिव ५ महिना जतिको भाले बच्चा गैंडा बाघले आक्रमण गरी घाइते भएको अवस्थामा मिति २०७०।११।१४ गते विहान फेला परेको । उक्त बच्चाको दाहिने खट्टाको घुँडामा चोट लागेर हड्डी देखिएको र खुट्टा सुन्निएर हिड्न नसक्ने भएको । गाँऊमा रहेकोले उक्त बच्चा गैंडालाई उद्धार गरी यस कार्यालयका वरिष्ठ पशु चिकित्सकको प्रत्यक्ष निगरानीमा राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र, सौराहामा राखी औषधि उपचार र पालन पोषण गरिएको छ ।

**३. वन्यजन्तु उद्धार :** विभिन्न ठाउँहरुबाट गैंडा १, लगुना २, चित्तल ४, अजिंगर ११, रतुवा २, र कछुवा १ वटाको उद्धार गरी निकुञ्ज, मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती वन क्षेत्रमा छाडिएको छ ।

**४. पाटेबाघ नियन्त्रण :**

क. चितवन जिल्लाको अयोध्यापुरी गा.वि.स. को विभिन्न स्थानमा निस्केर घरपालुवा जनावरहरुलाई क्षति पुर्याउदै आएको पाटे बाघलाई मिति २०७०।८।१५ गते नियन्त्रणमा लिई Satellite radio collar



*माडीको गणेशकुञ्जमा नियन्त्रणमा लिईएको बाघ।*

गरी यस निकुञ्जको नयाँ गौर मचान क्षेत्रमा छाडी नियमिति अनुगमन भै रहेकोमा उक्त बाघ १५ दिन पछि पुनः पहिले समातेको स्थान गणेशकुञ्ज क्षेत्रमा नै गई गाई भैसी मार्न थाले पछि पुनः सोही क्षेत्रबाट मिति २०७०।९।१७ गते नियन्त्रणमा लिई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको मिति २०७०।९।१९ को निर्णय अनुसार बर्दिया राष्ट्रिय निकुञ्जमा लगि छोडिएको छ ।

ख. चितवन जिल्लाको बघौडा र गर्दी गा.वि.स. क्षेत्रमा ५ वटा गाई भैंसी मारेको तथा २ वटा लाई घाइते पारेको पाटे बाघलाई बघौडा गा.वि.स.वडा नं. ४ शितलपुर क्षेत्र बाट मिति २०७०।८।१६ गते नियन्त्रणमा लिई कसरा स्थित घडियाल प्रजनन केन्द्र परिसरमा रहेको काठको खोरमा राखिएको छ ।

**५ घडियाल गोहीको उद्धार :** यस निकुञ्जको खोरीया मुहान क्षेत्रमा मुखमा जाल बेरिएर आहारा समेत खान नपाई कमजोर अवस्थामा रहेको एक घडियाल गोहीलाई समातेर मुखमा बेरिएको जाल काटी पुनः नदीमा छाडिएको थियो ।

**६.घडियाल गोही नदीमा छाडिएको:** घडियाल संरक्षण प्रजनन् केन्द्रमा पालनपोषण गरी हुर्काइएका वि.सं.२०६२, २०६३ र २०६४ सालमा जन्मेका घडियाल गोहीहरुलाई विभिन्न समयमा देशका विभिन्न नदीहरुमा छोडिएको छ । छोडिएको गोहीलाई पहिचान गर्न सजिलो होस भन्ने उद्देश्यले प्रत्येक गोहीको पछाडीको भागमा हुने Scute लाई काटेर नम्वरिङ्ग गरिएको छ । छोडिएका गोहीहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | मिति | छोडिएको स्थान | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | भाले | पोथी | जम्मा | |
| १ | २०७०।८।२३ | राप्ति नदीको कसरा क्षेत्र | ६ | १४ | २० | |
| २ | २०७०।९।६ | राप्ति नदीको कसरा क्षेत्र | २ | ८ | १० | |
| ३ | २०७०।१०।१७ | राप्ति नदीको सौराहा क्षेत्र | १ | ९ | १० | |
| ४ | २०७०।१०।१९ | बर्दिया राष्ट्रिय निकुञ्जको बबई नदी | १ | २ | ३ | बर्दिया राष्ट्रिय निकुञ्जमा पठाएको |
| ४ | २०७०।११।२० | राप्ति नदीको डुमरिया क्षेत्र | १ | १९ | २० | |
| ४ | २०७०।११।२१ | बर्दिया राष्ट्रिय निकुञ्जको बबई नदी | २ | १८ | २० | बर्दिया राष्ट्रिय निकुञ्जमा पठाएको |
| ५ | २०७०।११।२० | राप्ति नदी | १ | १९ | २० | |
| ६ | २०७०।११।३० | बर्दिया राष्ट्रिय निकुञ्जको बबई नदी | १ | ६ | ७ | बर्दिया राष्ट्रिय निकुञ्जमा पठाएको |
| जम्मा | | | १५ | ९५ | ११० | |

**७.गस्ति बाटो निर्माणः** यस निकुञ्जको नदीमा बढी रहेको मानवीय चाप कम गर्न नियमित रुपमा नदी किनारहरुमा गस्ति कार्य बढाउनु पर्ने आवश्यकता महसुस गरी नारायणी र राप्ती नदीको किनारबाट निर्माण गरिएको करिव १०५ कि.मी. भन्दा बढि र नदी किनारबाट चुरेतर्फ उत्तर दक्षिण करिव ३५ कि.मी.गस्ति मार्गको उद्घाटन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक तथा यस निकुञ्जका प्रथम प्रमुख संरक्षण अधिकृत स्व.डा. तीर्थमान मास्केका धर्मपत्नी श्रीमती लक्ष्मीवदन मास्के र पूर्व प्रमुख संरक्षण अधिकृत श्री रामप्रित यादवबाट सम्पन्न भयो ।

**८. हवाई गस्ति :** सम्भावित चोरी शिकारलाई मध्यनजर गरी समय समयमा नेपाली सेनाको हेलिकप्टरबाट हवाई गस्ति पनि गरिँदै आएको छ ।

**९. विशेष सुरक्षा :** चोरी शिकारको लागि बढि संवेदनशिल मानिएको समय माघदेखि आषाढ महिना सम्मको लागि विगत वर्षहरुमा जस्तै यस वर्ष नेपाली सेनाको विशेष सुरक्षा फौजको रुपमा युद्ध भैरवगण र अजयदलबाट आएका १०० जना यस निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षमा परिचालन भएका छन् । चोरी शिकार नियन्त्रणका लागि पैदल, गाडी, साइकल, डुंगा लगायतबाट गस्ति गरिएको छ । त्यसै गरी विशेष Sweeping and camping operation चलाइएको थियो । पोष्टको संख्या ५२ बाट बढाएर स-साना समूहमा विभाजन गरी १२३ स्थानमा राखेर सुरक्षाको प्रबन्ध मिलाइएको छ भने विशेष सुरक्षा फौजको अपरेशन हन्टको ११ वटा टोलीले चोरी शिकारीको कारणबाट अति सम्वेदनशिल मानिएका क्षेत्रहरुमा दिन र रात दुवै समयमा गस्ति गरिएको र यसको एक टोलीलाई जिल्ला वन कार्यालय, चितवन अन्तर्गतको सेती देवी सामुदायिक वन क्षेत्रमा राखिएको छ ।

**१०. सिमसार दिवस :** विश्व सिमसार दिवस २ फेव्रुवरी २०१४ निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा देहाय बमोजिमको कार्य गरी मनाईयो

- क) माननीय वन तथा भू-संरक्षण मन्त्रीज्यूबाट सौराहा नजिक राप्ती नदीमा १० वटा घडियाल गोही छोडिएको ।
- (ख) नदी गस्ति- सौराहा, कसरा, गांजापुर, गिद्धेनी र अमलटारीबाट नदी गस्ति गरिएको ।
- (ग) विसहजारी ताल- सरोकारवालाहरु निकुञ्ज, नेपाली सेना, मध्यवर्ती क्षेत्रका स्थानीय समूह/समिति, वासिन्दा, राष्ट्रिय ताल संरक्षण समितिको सहभागितामा निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने रामसार साइटमा परेको विसहजारीतालको सरसफाई, अन्तरक्रिया र मगर गोही छाडिएको ।

**११. निकुञ्जका हात्तीहरुलाई Chain free गराउने कार्यको शुरुवात :**

यस राष्ट्रिय निकुञ्जको कसरा, बाघमारा र सुखिभार हात्तीसारहरुमा coral fence निर्माण कार्य गरी Chain free system को विकास गरिएको छ । यसबाट हात्तीलाई फलामे साङ्लाले बाँधेर राख्नु पर्ने अवस्थालाई हटाई खुल्ला छाडिएको छ । Chain free को अर्थ नै pain free भन्ने रहेकोले अबका दिनमा हात्तीको स्वास्थ्य अवस्थामा सुधार आउन सक्ने अपेक्षा राखिएको छ ।



चितवन रा.नि.को कसरा स्थित हात्तिसारमा निर्मित कोराल फेन्स

**१२. मानव वन्यजन्तु द्वन्द न्युनीकरण :**

**क) Solar Fence :**



मानव वन्यजन्तु द्वन्द न्युनीकरणका लागि माडिको गर्दी गा.वि.स.वडा नं. १ को अमिलियामा १ कि.मी. आधुनिक खालको Solar fencing (Coral Fence) को कार्य सम्पन्न भएको छ । १ कि.मी. को कुल लागत ११ लाख वरावर रहेको छ ।

**ख) मचान निर्माणः** मानव वन्यजन्तु द्वन्द न्युनीकरणका लागि माडीको गर्दी गा.वि.स.वडा नं. १ अमिलियामा एउटा काठको मचान निर्माण गरिएको छ ।

उक्त कार्यक्रमको रकम Public Private Partnership कार्यक्रमबाट प्राप्त भएको छ । त्यसै गरी माडीको अयोध्यापुरी गा.वि.स.मा २ वटा मचान निर्माण भएका छन । उक्त मचान निर्माणको लागि आवश्यक पर्ने काठ निकुञ्जले उपलब्ध गराएको हो ।



माडीको अयोध्यापुरी-८ मा निर्मित मचान

**१३.उपभोक्ता समुह पुनर्गठन :**

यस निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समूह/समितिको म्याद समाप्त भएकोले पुनः अर्को समिति पुनर्गठनका लागि उपभोक्ता समुह पुनर्गठन गर्ने कार्य भै रहेको छ ।

**१४.शुन्य चोरी शिकार अवधि :**

- क) नेपालमा २०६९ साल फाल्गुण ५ गते देखि २०७० फाल्गुण ४ गते सम्मको ३६५ दिन चोरी शिकारबाट गैंडाको मृत्यु भएको छैन । ३६५ दिनलाई नेपालले गैंडा संरक्षणमा शून्य चोरी शिकार अवधिको रुपमा मनाएको छ । यसै उपलक्ष्यमा यस निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनालको गण/गुल्मले वन तथा भू-संरक्षण मन्त्रालय र WWF International बाट सम्मान तथा कदर पत्र समेत प्राप्त गरेको छ ।
- ख) नेपालले विश्व वन्यजन्तु दिवस मार्च ३, २०१४ (मिति २०७१।११।१९) गतेका दिन "गैडाको शुन्य चोरी शिकारः ३६५ दिन" मनाइएको छ ।

**१५ सशस्त्र सिमा सुरक्षा वलको तैनाथी :**

- क) यस निकुञ्ज अन्तर्गतको ठोरी गा.वि.स.मा पर्ने मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको भवनमा जिल्ला प्रशासन कार्यालय पर्सा अन्तर्गत शसस्त्र प्रहरी बलको अस्थायी सीमा सुरक्षा वेस क्याम्प स्थापना भएको छ ।
- ख) यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने अयोध्यापुरी गा.वि.स. को बाँदर झुला स्थित प्राथमिक विद्यालयमा जिल्ला प्रशासन कार्यालय चितवनले सशस्त्र प्रहरी वलको सीमा सुरक्षा कार्यालयबाट सीमा सुरक्षा वल तैनाथ गरेको छ ।

## १६. वन्यजन्तुबाट भएको क्षती तथा राहत विवरण:

**मध्यवर्ती क्षेत्रको विभिन्न उपभोक्ता समिति अन्तर्गत भएको मानवीय क्षति तथा अन्य क्षतिको विवरण र वन्यजन्तुबाट भएको क्षतिको राहत सहयोग निर्देशिका २०६९ बमोजिम प्राप्त गरेको राहत विवरण देहाय बमोजिम रहेको छ ।**

चितवन राष्ट्रिय निकुञ्ज अर्न्तगत मध्यवर्ती क्षेत्रमा वन्यजन्तुबाट भएको क्षतिको राहत रकम माग गरि यस कार्यालयमा २०७०।६।१७ देखि २०७०।८।९सम्म आएको विवरण

| सि.नं. | निवेदकको नाम | ठेगाना | उपभोक्ता समिति | घटना मिति | घटना विवरण | माग गरेको रकम | निर्देशिका अनुसार प्राप्त गर्न सक्ने रकम | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मानविय क्षति | पशुधन क्षति | घररगोठ | अन्न क्षति | वालिनालीर फलफुल क्षति | जम्मा | |
| १ | प्रेम वहादुर परियार | पिठौली ४ | लामिचौर | २०७०।५।१५ | वाघले खसी मारेको | ८००००।० | | ८०००।० | | | | ८०००।० | |
| २ | नारायण वहादुर रानाभाट | कल्याणपुर ४ | रेवा | २०७०।६।२ | चितुवाले बंगुर मारेको | १७००००।० | | १००००।० | | | | १००००।० | |
| ३ | रीता गर्जामगर | अयोध्यापुरी ६ | अयोध्यापुरी | २०७०।६।१३ | गैंडाले वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ४ | ज्ञान वहादुर राई | अयोध्यापुरी ५ | अयोध्यापुरी | २०७०।०६।२१ | गैंडाले वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५ | शेर वहादुर थापामगर | अयोध्यापुरी ५ | अयोध्यापुरी | २०७०।०६।२१ | गैंडाले वाली क्षति | ६०००।० | | | | | ६०००।० | ६०००।० | |
| ६ | दुर्गा वहादुर सुनार | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट वाली क्षति | १८०००।० | | | | | १००००।० | १००००।० | |
| ७ | कृष्ण व. वि.क. | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट वाली क्षति | १८०००।० | | | | | १००००।० | १००००।० | |
| ८ | वोधराज तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| ९ | भोज प्रसाद दवाडी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।६ | हात्तीवाट वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| १० | ऋषि वहादुर सुनार | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ११ | पदम वहादुर आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| १२ | नविन तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| १३ | राज कुमारी वि.क. | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| १४ | देव प्रसाद अधिकारी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १६०००।० | | | | | १००००।० | १००००।० | |
| १५ | सरस्वती अधिकारी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| १६ | वलराम अधिकारी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २५०००।० | | | | | १००००।० | १००००।० | |
| १७ | खेम नारायण शर्मा | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| १८ | राम वहादुर आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| १९ | गोपाल प्रसाद दुवाडी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| २० | तारापती आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| २१ | द्रोणचार्य दुवाडी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| २२ | तारानाथ दुवाडी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| २३ | भोज राज तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२९ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| २४ | रत्नमाया तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।९ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| २५ | गोमादेवी वराल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | ९०००।० | ९०००।० | |
| २६ | रत्नमाया आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| २७ | पदम व. आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | ६०००।० | | | | | ४०००।० | ४०००।० | |
| २८ | चन्द्रकला सुवेदी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।१२ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| २९ | कमलपति पौडेल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२८ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ३० | कमलपति पौडेल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ८०००।० | ८०००।० | |
| ३१ | केशव प्रसाद तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ३२ | सन्तदेवी अधिकारी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।१२ | हात्तीवाट धान वाली क्षति | ८०००।० | | | | | ५०००।० | ५०००।० | |
| ३३ | धनपति पौडेल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२२ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ३४ | राम चन्द्र तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२६ | हात्तीवाट धान वाली क्षति | २२०००।० | | | | | १००००।० | १००००।० | |
| ३५ | भोज राज आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ३६ | गणेश सुवेदी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ३७ | इम कुमारी तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट धान वाली क्षति | २२०००।० | | | | | १००००।० | १००००।० | |
| ३८ | धर्म कुमारी पौडेल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२५ | हात्तीवाट धान वाली क्षति | २४०००।० | | | | | १००००।० | १००००।० | |
| ३९ | लक्ष्मीपती पौडेल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | २६०००।० | | | | | १००००।० | १००००।० | |
| ४० | देवका सुनार | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ४१ | खिमलाल तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ४२ | शिवहरी पौडेल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ४३ | डल्ली तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ४४ | नर व. वि.क. | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२६ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ६०००।० | ६०००।० | |
| ४५ | गन वं परियार | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ४६ | पूर्ण व. कुमाल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।२८ | हात्तीवाट धान वाली क्षति | ८०००।० | | | | | ५०००।० | ५०००।० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | नेत्र प्रसाद तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ४८ | डण्ड व. आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ४९ | टिकाराम अधिकारी | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ५० | वावुराम तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| ५१ | रिखिराम तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| ५२ | भिम वहादुर खत्री | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ५३ | चन्द्रकला तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५४ | गोविन्द प्र. तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | ९०००।० | ९०००।० | |
| ५५ | रामचन्द्र तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५६ | दिपा काफले | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५७ | दिपक के.सी. | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५८ | पूर्ण कला तिमिल्सिना | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५९ | लक्ष्मी जैसी | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ६० | टिकामती मगर्नी | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ६१ | फरासी मगर | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ६२ | सन व. पुन मगर | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | २१०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६३ | वालाचन्द्र श्रेष्ठ | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | ९०००।० | | | | | ५०००।० | ५०००।० | |
| ६४ | प्रेम वहादुर पुन मगर | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६५ | शंकर पुन | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६६ | कुल व. मगर | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६७ | टिका व. मगर | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६८ | नेमराज पुन | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट धान वाली क्षति | २१०००।० | | | | | १००००।० | १००००।० | |
| ६९ | पूर्ण वहादुर थापा | अयोध्यापुरी ६ | अयोध्यापुरी | २०७०।०६।३० | गैंडावाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ७० | पम्फा श्रेष्ठ | अयोध्यापुरी ४ | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ७१ | मोतीलाल वराल | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।०७।२१ | हात्तीवाट घरगोठ क्षति | १००००।० | | | ९०००।० | | | ९०००।० | |
| ७२ | सकराम वराल | अयोध्यापुरी २ | अयोध्यापुरी | २०७०।०७।८ | वाघले गोरु २ मारेको | ५००००।० | | २००००।० | | | | २००००।० | |
| ७३ | मिन वहादुर पराजुली | अयोध्यापुरी २ | अयोध्यापुरी | २०७०।०७।८ | वाघले गोरु मारेको | २५०००।० | | १००००।० | | | | १००००।० | |
| ७४ | खममाया भुजेल | अयोध्यापुरी २ | अयोध्यापुरी | २०७०।०७।९ | वाघले भैंसीको पाडी मारेको | १५०००।० | | १००००।० | | | | १००००।० | |
| ७५ | चन्द्र वं भुजेल | अयोध्यापुरी २ | अयोध्यापुरी | २०७०।०७।११ | वाघले भैंसी मारेको | ५५०००।० | | १००००।० | | | | १००००।० | |
| ७६ | राज सिंखडा | र.न.पा.७ | मृगकुञ्ज | २०७०।०६।३१ | वदेलको आक्रमणवाट घाईते | १५३०४।० | १५३०४।० | | | | | १५३०४।० | |
| ७७ | वृद्धी गुरुं | र.न.पा.७ | मृगकुञ्ज | २०७०।०६।३१ | वदेलको आक्रमणवाट घाईते | ५१००।० | ५१००।० | | | | | ५१००।० | |
| ७८ | हर्क बहादर बोटे | जगतपर १ | केरुगां | २०७०।६।२२ | चितवाले बाखा खाएको | ३८५०।० | | ३८५०।० | | | | ३८५०।० | |
| ७९ | महेश बोटे | जगतपर १ | केरुगां | २०७०।६।२९ | गैडा बाट गम्भिर घाइते | ५१७९१९ | ५००००।० | | | | | ५००००।० | |
| ८० | जिबलाल सबेदी | मेघौली १ | मेघोली | २०७०।६।६ | गैडाबाट गम्भिर घाइते | १२४४६२।० | ५००००।० | | | | | ५००००।० | |
| ८१ | जितेन्द्र बोटे | गर्दी४ | पाचपाण्डव | २०७०।२।२ | भाल बाट गम्भिर घाइते | ५००००।० | ५००००।० | | | | | ५००००।० | |
| ८२ | सिता सापकोटा | गर्दी ८ | पाचपाण्व | २०७०।७।१३ | भालको आक्रमणवाट मानव | ५९४२४।० | ५००००।० | | | | | ५००००।० | |
| ८३ | चिरन्जीवी वि.क. | गर्दी २ | पाचपाण्व | २०७०।७।१३ | भालको आक्रमणवाट मानव | ३०३१।० | ३०३१।० | | | | | ३०३१।० | |
| ८४ | घनश्याम अधिकारी | गर्दी २ | पाचपाण्व | २०७०।७।१३ | भालको आक्रमणवाट मानव | १४०२२।० | १२१००।० | | | | | १२१००।० | |
| ८५ | जवनारायण लामिछाने | गर्दी ९ | पाचपाण्व | २०७०।६।२४ | भालको आक्रमणवाट मानव | २८९२४।० | २८९२४।० | | | | | २८९२४।० | |
| ८६ | पशुपति आचार्य | अयोध्यापुरी १ | अयोध्यापुरी | २०७०।८।१ | हात्तीले धान खाएको | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ८७ | कृष्ण कमारी आचार्य | अयोध्यापरी १ | अयोध्यापुरी | २०७०।८।१ | हात्तीले धान खाएको | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ८८ | मिन बहादुर थापा | अयोध्यापरी २ | अयोध्यापुरी | २०७०।८।४ | हात्तीले घरगोठ भत्काएको | १५००००।० | | | १००००।० | | | १००००।० | |
| ८९ | चन्द्रकली तिमिल्सीना | अयोध्यापरी १ | अयोध्यापुरी | २०७०।७।२९ | हात्तीले धान खाएको | ८०००।० | | | | | ५०००।० | ५०००।० | |
| ९० | त्रिलोचन तिमिल्सिना | अयोध्यापरी १ | अयोध्यापुरी | २०७०।७।२९ | हात्तीले धान खाएको | १२०००।० | | | | | ९०००।० | ९०००।० | |
| ९१ | हरीलाल अधिकारी | अयोध्यापरी ७ | अयोध्यापुरी | २०७०।८।९ | बाघले गाइ खाएको | ४००००।० | | १००००।० | | | | १००००।० | |
| ९२ | वलराम मोक्तान | कालिकाटार | लोथर | २०७०।८।८ | हात्तीको आक्रमणबाट | १६८५९१।० | ५००००।० | | | | | ५००००।० | |
| | जम्मा | | | | | २०८५४९९।९ | ३१४४५९।० | ८१८५०।० | १९०००।० | ०।० | ६५९०००।० | १०७४३०९।० | |

## १७. बैठक

प्रत्येक महिनाको ३ गते यस कार्यालयको कर्मचारी बैठक नियमित भएको छ ।

## १८. मुद्दाको विवरण

गत आ.व.को ८४ वटा र यस अवधिमा दर्ता भएका २७ वटा गरी जम्मा १११ वटा मुद्दा मध्ये यस अवधिमा १६ वटा फैसला भई ९५ वटा मुद्दा फैसला हुन बाँकी रहेको छ । यस अवधिमा विभिन्न मुद्दामा १८६ जना पक्राऊ गरिएकोमा ३ जना पुर्पक्षको लागि थुनामा राख्न भरतपुर कारागार पठाइएको छ भने २३ जना धरौट राखी तारेखमा र १६० जनालाई जरिवाना गरी छाडिएको छ ।

| क.स. | विवरण | गत आ.व.को जिम्मेवारी सरी आएको | यस अवधिमा दर्ता | जम्मा मुद्दा थान | यस अवधिमा फैसला | बांकी मुद्दा |
|---|---|---|---|---|---|---|
| १. | गैंडाको खाग बिक्री | ३१ | ८ | ३९ | ४ | ३५ |
| २. | बाघ | १ | ० | १ | ० | १ |
| ३. | अन्य वन्यजन्तु | ९ | ५ | १४ | २ | १२ |
| ४. | वन पैदावार | ३७ | १३ | ५० | ९ | ४१ |
| ५. | वन अतिक्रमण | २ | ० | २ | १ | १ |
| ६. | विना अनुमति प्रवेश | ४ | १ | ५ | ० | ५ |
| | जम्मा | ८४ | २७ | १११ | १६ | ९५ |

## १९. पर्यटक विवरण

| क्र.सं. | पर्यटक विवरण | चौमासिक अवधिको जम्मा | |
|---|---|---|---|
| | | ०६९ मसिर-फाल्गुण | ०७० मसिर-फाल्गुण |
| १ | बिदेशी | ३४२०४ | ३७७३९ |
| २ | सार्क | ३६१२ | ४३३१ |
| ३ | नेपाली | १३८४९ | १५०१० |
| | जम्मा | ५१६६५ | ५७०८० |
| नोट | गत आ.व.को यस अवधिमा भन्दा यस आ.व.मा ५४१५ जनाले बढी | | |

## २०. राजश्व विवरण

| क्र. सं. | विवरण | चौमासिक अवधिको जम्मा | |
|---|---|---|---|
| | | ०६९ मसिर-फाल्गुण | ०७० मसिर - फाल्गुण |
| १ | प्रवेश शुल्क | ६५५४८७२६ | ७०१४३८५०।०० |
| २ | हात्ती भाडा | ७४००० | ११५५००।०० |
| ३ | सुविधा प्राप्त बाटो | ७७७६४० | ९०१११०।०० |
| ४ | जंगल ड्राइभ | ७१९६००० | ७२६४०००।०० |
| ५ | दण्ड जरिवाना | ११९६४७१ | २०५७५०।०० |
| ६ | घाट ठेक्का | १७२७५५५ | १२९९००१।०० |
| ७ | खरखडाइ | १८५७०० | ४३६८००।०० |
| ८ | गिट्टी बालुवा | १८४४४४५ | १३४६५४०।०० |
| ९ | टेण्डर फाराम बिक्री | ४८००० | ४७००।०० |
| १० | वन पैदावार | ० | ०।०० |
| ११ | विविध | ४३६२९ | ४८५४४।०० |
| १२ | डुंगा सफारी | ३४१८०० | ०।०० |
| १३ | भ्याट | २६१५९९।६९ | १०२३१४।०० |
| १४ | लिलाम | ५६५०००।०० | ०।०० |
| | जम्मा | ७८८१०५६५।६९ | ८१८६८१०९।०० |

## २१. बेरुजु विवरण

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | बेरुजु | ४,९१,७२,३४३।६६ |
| २ | फछ्र्योट | १,५८,२४,०००।०० |
| ३ | फछ्र्योटको लागि कारवाही भएको | ३८,३४,८७८।१७ |

## २२. वन्यजन्तुको मृत्यु

| क्र.सं. | वन्यजन्तु | विवरण |
|---|---|---|
| १ | भाले चित्तल | मिति २०७०।८।२३ गते बाघमारा म.सा.व.मा कुकुरले लखेटेर मारेको । |
| २ | भाले चित्तल | मिति २०७०।८।२९ गते बाघमारा म.सा.व.मा कुकुरले लखेटेर मारेको । |
| ३ | पोथि चित्तल | मिति २०७०।९।२५ गते प्रगतिनगर गा.वि.स.को धौलागिरी चोक नजिक गाडीको ठक्कर बाट मरेको । |
| ४ | पोथि गैंडा | मिति २०७०।१०।१० गते राष्ट्रिय निकुञ्जको टेम्पलटाईगर घाटमा अन्दाजी ४५ बर्षको पोथि गैंडा कालगतिले मरेको |
| ५ | भाले बंदेल | मिति २०७०।१०।२३ गते जिल्ला पर्सा ठोरी गा.वि.स. वडा नं. ५ को हनुमान नगर गाँऊमा निस्कदा गाँऊलेले मारेर खाएको |
| ६ | रतुवा | मिति २०७०।१०।२८ मा नवलपरासी जिल्लाको गोछडामा कुकुरले लखेटेर मारेको |
| ७ | भाले हात्ती | मिति २०७०।११।४ मा अन्दाजी ४० बर्षको भाले हात्ती गांऊमा प्रवेश गरी भण्डारण गरेको अन्नवाली खाने तथा घर गोठ भत्काउने गरेको अवस्थामा नियन्त्रणमा लिई रेडियो कोलार गर्न लट्ठयाउने औषधि दिएकोमा अप्ठ्यारो ठाँऊमा लडन पुगी श्वासप्रश्वासमा समस्या आई मृत्यु भएको |
| ८ | पोथि गैंडा | मिति २०७०।११।१९ मा अन्दाजी ४० बर्षको पोथि गैंडा कालगतिले मरेको |
| ९ | भाले चित्तल | मिति २०७०।११।१९ मा देवनगरमा कुकुरले लखेट्दा तारबारमा ठोक्किएर भाले चित्तलको मृत्यु भएको |
| १० | पोथि रतुवा | मिति २०७०।११।२७ मा नवलपरासीको गुन्द्रही ढकाहा म.सा.व.मा मृत अवस्थामा फेला परेको । |

## २३. वन्यजन्तुबाट भएको मानवीय क्षतीको विवरण

| क्र.सं. | घटना मिति | नाम थर | लिङ्ग | उमेर (बर्ष) | ठेगाना | मृत्यु/घाइतेको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | २०७०।८।७ | बलराम मोक्तान | पुरुष | २० | मनहरी-२, मकवानपुर | गोठमा सुतिरहेको अवस्थामा हात्तीले गोठ भत्काए पछि भाग्न खोज्दा आक्रमणमा परी घाईते भएको |
| २ | ०७०।९।७ | राम बहादुर गुरुङ्ग | पुरुष | ३१ | गितानगर-१, चितवन | मध्यवर्ती क्षेत्रको बरण्डाभार वन क्षेत्रमा पर्ने म.सा.व.मा दाउरा खोज्न जांदा जंगली हात्तीको आक्रमणमा परी मृत्यु भएको |
| ३ | ०७०।१०।२ | टिकाराम परियार | पुरुष | ६४ | दिव्यनगर-३, चितवन | मध्यवर्ती क्षेत्रको दिव्यनगर गा.वि.स. अर्न्तगतको मध्यवर्ती वन क्षेत्रमा माछा मार्न जाँदा बाघको आक्रमणबाट मृत्यु भएको |
| ४ | ०७०।१०।२० | एक बहादुर तामाङ्ग | पुरुष | ४५ | गुञ्जनगर-३, चितवन | घांस काटन जांदा भालुको आक्रमणमा परी ३ जना मानिस घाइते भएको। |
| ५ | ०७०।१०।२२ | शेर बहादुर वि.क. | पुरुष | ४३ | गर्दी-१, चितवन | घरमा सुतिरहेको अवस्थामा हात्तीको आक्रमणबाट मृत्यु भएको |
| ६ | ०७०।११।१९ | विर बहादुर नेपाली | पुरुष | ६५ | सुस्ता-६, नवलपरासी | निकुञ्ज प्रवेश गरेको अवस्थामा बाघको आक्रमणमा परी मृत्यु |
| ७ | ,, | उद्धर बहादुर मगर | पुरुष | ६४ | ,, ,, | ,, ,, |

## २४. कार्यक्रमको प्रगति विवरणहरु (संक्षेपमा)

| सि.नं. | कार्य विवरण | इकाई | प्रथम चौमासिक | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | कार्य लक्ष्य | | प्रगति | | |
| निकुञ्ज आयोजनातर्फ | | | बजेट | भार | बजेटा | भार | |
| अ. | पुजिगंत खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु (३२९११५४)जम्मा | | १०५० | ९।६५ | १०५० | ९।६५ | १०० |
| आ. | चालू खर्च कार्यक्रमहरु (३२९११५३) तर्फको जम्मा | | २७३५ | ३१।८३ | २७३५ | २५।२ | ९९।२ |
| | | | | | | | |
| हात्तीसारतर्फ : | | | | | | | |
| अ. | पुजिगंत खर्च अर्न्तगतका कार्यक्रमहरु (३२९०१९४) जम्मा | | ३०० | ४९।५९ | २२५ | ४९।५९ | १०० |
| आ | चालु खर्च अर्न्तगतका कार्यक्रमहरु (३२९०१९३) जम्मा | | ४५० | ७४।३८ | ३७५ | ७४।३८ | १०० |
| | | | | | | | |
| वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रर्वद्धन आयोजना कार्यक्रमतर्फ | | | | | | | |
| अ. | पुजिगंत खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु (३२९१२७४) जम्मा | | २४५० | २९।५ | १४२५ | १७१ | १०० |
| आ | चालु खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु (३२९१२७३) | | १५८० | १९ | १५८० | १९ | १०० |
| राष्ट्रिपती चूरे संरक्षण कार्यक्रम (प्रथम र दोस्रो चौमासिकको प्रगती) | | | | | | | |
| अ. | पुजिगंत खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु | | २००० | ८०।०० | १८०० | ८०।०० | ९० |
| आ. | चालु खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु | | | | | | |

## २५ तराई भू-परिधि कार्यक्रम

**चालु आ.व. ०७०।७१ को लागि विभिन्न शिर्षकमा वजेट विनियोजन भई आएको कार्यक्रमहरु मध्ये दोस्रो चौमासिक अवधिमा गर्नु पर्ने कार्यहरु सम्पन्न भएका छन् ।**

## २६.मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको वजेट र कार्यक्रम

**मध्यवर्ती क्षेत्रमा चालु आ.व.०७०।७१ को लागि रु. १० करोडको कार्यक्रम तथा बजेट प्राप्त भई सो कार्यक्रमको ल.ई. गरी सम्वन्धित उपभोक्ता समितिहरुमा प्रथम किस्ता पेश्की रकम निकासा भै काम शुरु भएको छ ।**

## २७ जैविक विविधता संरक्षण सुविधा कोष (BCF) को अवस्था

| | |
|---|---|
| सहकारी संस्था : २३ वटा | शेयर सदस्य १४,३९६ (पुरुष ६३५२, महिला ८०८१) |
| कुल शेयर पूजि : रु १,५१,४५,७००।०० | संस्थाको कुल बचत रु ११,२८,४८,१९१।०० |
| संस्थाहरुको आन्तरिक ऋण परिचालन : रु १२,३१,५३,७८९।०० | BCF लगानी भएका संस्था : १३ वटा |
| संस्थाहरुमा लगानी रही रहेको कुल ऋण: रु ६०,०६,७२९।०० | बैंक मौज्दात :रु ४,७३,२५४।०० |
| समूह अर्न्तगत रहेको असुल हुनु पर्ने ऋण रु १,२७,०२८।०० | कुल BCF कोष रकम रु ६४,७९,९८३।०० |

## २८.तालिम/गोष्ठी/भ्रमण

| क.सं. | कर्मचारीको नाम,थर | तालिम/गोष्ठी/भ्रमण | अवधि | स्थान | आयोजक |
|---|---|---|---|---|---|
| १ | ना.सु. श्री लव जंग थापा | अध्ययन अवलोकन भ्रमण | २०७०।९।५-९ | बांके/बर्दिया रा.नि.र कृष्णसार संरक्षण क्षेत्र | चितवन राष्ट्रिय निकुञ्ज |
| २ | गेमस्काउट श्री वामदेव तिवारी | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ३ | गे.श्री वल बहादुर राई | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ४ | गे. श्री शिव बहादुर सार्की | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ५ | गे. श्री डुममाया गुरुङ्ग | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ६ | गे. श्री प्रेमराज अधिकारी | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ७ | गे. श्री पदमराज महतो | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ८ | गे. श्री कृष्ण बहादुर परियार | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ९ | गे. श्री वल बहादुर खड्का | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १० | गे. श्री डिल्ली प्रसाद घिमिरे | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ११ | गे. श्री लोकराज न्यौपाने | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १२ | गे. श्री सुमित्रा कुमारी महतो | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १३ | गे. श्री सितेश कुमार ठाकुर | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १४ | प्र.स.अ. श्री कमल जङ्ग कुँवर | योजना तर्जुमा गोष्ठी | २०७०।९।१०-१३ | काठमाडौं | रा.नि.तथा व.ज.सं. विभाग |
| १५ | स.सं.अ. श्री विष्णु प्रसाद थपलिया | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १६ | रेन्जर श्री ऋषिराम ढकाल | वन्यजन्तु अपराध नियन्त्रण तालिम | २०७०।९।२९-२०७०।१०।४ | सौराहा, चितवन | रा.नि.तथा व.ज.सं. विभाग र NTNC |
| १७ | रेन्जर श्री लक्ष्मण कुमार महतो | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १८ | प्र.स.अ. श्री कमल जङ्ग कुँवर | योजना तर्जुमा गोष्ठी | २०७०।१०।१७-१९ गतेसम्म ३ दिन | सौराहा | मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय, हेटौडा |
| १९ | स.सं.अ. श्री विष्णु प्रसाद थपलिया | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| २० | गेमस्काउट श्री कल बहादुर तामाङ्ग | आधारभूत कानुनी सचेतना तालिम | २०७०।११।४-६ गतेसम्म ३ दिन | शुक्रनगर, चितवन | केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई |
| २१ | गेमस्काउट श्री राज बहादुर ढुङ्गाना | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २२ | गेमस्काउट श्री हरि प्रसाद पराजुली | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २३ | गेमस्काउट श्री चिज कुमार श्रेष्ठ | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २४ | गेमस्काउट श्री लप्टन थारु | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २५ | गेमस्काउट श्री ऋषिराम भूर्तेल | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २६ | गेमस्काउट श्री तुलाराम महतो | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २७ | गेमस्काउट श्रीसुरेश कुमार यादव | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २८ | गेमस्काउट श्री विपिन साह | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| २९ | गेमस्काउट श्री राजेन्द्र पौडेल | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| ३० | गेमस्काउट श्री यज्ञप्रसाद काफ्ले | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| ३१ | गेमस्काउट श्री ललित मल्ल | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| ३२ | गेमस्काउट श्री बुद्धिनाथ लामिछाने | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| ३३ | गेमस्काउट श्री राजमनि महतो | ,, ,, | ,, ,, | ,, ,, | ,, |
| ३४ | गेमस्काउट श्री यमबहादुर गुरुङ्ग | | | | |

## २९.विद्यालय कार्यक्रम :

चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्र तथा जैविक विविधता र यसको महत्वको बारेमा विद्यालयस्तरका विद्यार्थीहरुलाई जानकारी गराई संरक्षणमा सहभागि गराउने उद्देश्यले समय समयमा विद्यालय कार्यक्रम समेत गर्ने गरेको छ । यसै क्रममा पश्चिम सेक्टर अमलटारी अन्तर्गत पिठौली नि.मा.वि. पिठौली, कसरा सेक्टर अन्तर्गत धनौजी नि.मा.वि. पटिहानी र कोइलाहा नि.मा.वि. मेघौलीमा विद्यालय कार्यक्रम सम्पन्न भएको छ ।



रेन्जर श्री वीरेन्द्र रोका विद्यालय कार्यक्रममा विद्यार्थीहरुलाई प्रशिक्षण गर्दै

## ३०. गेमस्काउटहरुको अध्ययन भ्रमण :

मिति २०७०।९।५ देखि २०७०।९।९ सम्म ५ (पाँच) दिन यस कार्यालय अन्तर्गत विभिन्न पोष्ट/प्रवेशद्वार/ सेक्टर /हेडक्वाटरमा कार्यरत गेमस्काउटहरुको अध्ययन भ्रमण सम्पन्न भयो । उक्त अवधिमा लुम्विनी, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र र बर्दिया राष्ट्रिय निकुञ्जको अध्ययन भ्रमण गरिएको थियो ।



अध्ययन भ्रमणका सहभागीहरुको सामुहिक तस्विर

पठाउनेको नाम:..........................................................

ठेगाना: ..........................................................

..........................................................


**थप जानकारीको लागि सम्पर्क**

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय**

कसरा, चितवन ।

फोन नं. ०५६-४११०२४

इमेल : info@chitwannationalpark.gov.np

वेवसाइट : www.chitwannationalpark.gov.np